Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ८९ | वि.सं. २०८३ असार २७ शनिवार | नेपाल संवत्: ११४५, आषाढ कृष्ण द्वादशी | Saturday 11 July 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णाली सरकारको बजेट खर्च ६१.९७ प्रतिशत

# पूँजीगत खर्च ५५.७४ प्रतिशतमा सीमित




**ओम शाही**
**सुर्खेत, २६ असार ।**

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म कुल बजेटको ६१.९७ प्रतिशत मात्र खर्च गर्न सकेको छ। ११ महिना अर्थात् जेठ मसान्तसम्म कुल बजेटको ३६.२६ प्रतिशत खर्चेको प्रदेश सरकारले असार महिनामा मात्रै २५.७५ प्रतिशत खर्चेको छ।

हरेक वर्षका नीति तथा कार्यक्रममा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाइने दावी सरकारबाट हुने गरेको भएपनि खर्च गर्ने क्षमता सुध्रन सकेको छैन। प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको तथ्याक अनुसार असार महिनासम्मको मन्त्रालयगत खर्च प्रगति विवरणअनुसार ३३ अर्ब १९ करोड ३६ लाख ५५ हजार रुपैयाँको कुल बजेटमध्ये २० अर्ब ५७ करोड १२ लाख ८ हजार ३७८ रुपैयाँ खर्च भएको छ भने १२ अर्ब ६२ करोड २४ लाख ४६ हजार ६२२ रुपैयाँ खर्च हुन सकेन।

तथ्यांकअनुसार चालुतर्फको खर्च सन्तोषजनक देखिए पनि विकास निर्माणसँग प्रत्यक्ष सम्बन्धित पूँजीगत खर्च अपेक्षाभन्दा कमजोर छ। चालुतर्फ १२ अर्ब ५९ करोड ४३ लाख १७ हजार रुपैयाँ बजेटमध्ये ९ अर्ब २५ करोड ४३ लाख ८१ हजार ६७५ रुपैयाँ अर्थात् ७३.४८ प्रतिशत खर्च भएको छ। तर, पूँजीगततर्फ १९ अर्ब ९८ करोड ४३ लाख ३८ हजार रुपैयाँ बजेटमध्ये ११ अर्ब १३ करोड ९३ लाख २६ हजार ७०३ रुपैयाँ मात्र खर्च हुँदा प्रगति ५५.७४ प्रतिशतमा सीमित भएको छ।

वित्तीय व्यवस्थातर्फ ६१ करोड ५० लाख रुपैयाँ बजेटमध्ये १७ करोड ७५ लाख रुपैयाँ अर्थात् २८.८६ प्रतिशत खर्च भएको छ। मन्त्रालयगत रूपमा हेर्दा आन्तरिक मामिला तथा कानून मन्त्रालयले सबैभन्दा बढी ९३.६७ प्रतिशत बजेट खर्च गरेको छ। उक्त मन्त्रालयले सात करोड नौ लाख एक हजार ४४२ रुपैयाँ बजेटमध्ये ६ करोड ६४ लाख १४ हजार २४२ रुपैयाँ खर्च गरेको हो।

त्यस्तै, मुख्य न्यायाधिवक्ताको कार्यालयले ८८.०९ प्रतिशत तथा स्थानीय तहतर्फ विनियोजित बजेटको ८६.१७ प्रतिशत खर्च भएको देखिएको छ। जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले ७५.९८ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले ७४.०८ प्रतिशत, सामाजिक विकास मन्त्रालयले ७२.४९ प्रतिशत तथा कर्णाली प्रदेश योजना आयोगले ६९.८६ प्रतिशत बजेट खर्च गरेका छन्।

प्रदेश व्यवस्थापिकाको खर्च प्रगति ६७.५३ प्रतिशत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको ६४.२७ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ५७.०९ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको ५५.२४ प्रतिशत तथा प्रदेश लोक सेवा आयोगको ५२.८२ प्रतिशत रहेको छ। सबैभन्दा कम प्रगति भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा देखिएको छ।

११ अर्ब १ करोड २१ लाख ७ हजार रुपैयाँ बजेटमध्ये ५ अर्ब ४१ करोड ८१ लाख १५ हजार ४१७ रुपैयाँ मात्र खर्च हुँदा मन्त्रालयको समग्र खर्च प्रगति ४९.२० प्रतिशतमा सीमित भएको छ। त्यस्तै वित्तीय व्यवस्थातर्फ २८.८६ प्रतिशत खर्च भएको छ भने अर्थ-विविध शीर्षकअन्तर्गत विनियोजित नौ अर्ब ८६ करोड ७९ लाख ९९ हजार रुपैयाँमध्ये कुनै पनि रकम खर्च हुन सकेको छैन।

प्रदेश सरकारले चालु खर्चमा तुलनात्मक रूपमा राम्रो प्रगति हासिल गरे पनि विकास निर्माणसँग प्रत्यक्ष सम्बन्धित पूँजीगत खर्च अपेक्षाअनुसार हुन नसक्दा समग्र बजेट कार्यान्वयनमा समेत प्रभाव परेको तथ्यांकले देखाएको छ।

## १२ अर्ब बजेट फ्रिज

चालु आर्थिक वर्षमा प्रदेश सरकारको कुल बजेटमा १२ अर्ब ६२ करोड २४ लाख ४६ हजार ६२२ रुपैयाँ फ्रिज भएको छ। यसमा पूँजिगततर्फको बजेट बढी छ। मन्त्रालयगत खर्चको तथ्यांक केलाउने हो भने कर्णालीको पूर्वाधार विकासको जिम्मेवारी पाएको भौतिक मन्त्रालयले अपेक्षाकृत बजेट खर्च गर्न सकेको छैन।

यस वर्ष भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले कुल बजेटको पाँच अर्ब ४१ करोड ८१ लाख १५ हजार ४१७ रुपैयाँ खर्चेको छ। यस मन्त्रालयलाई चालु आर्थिक वर्षमा ११ अर्ब १ करोड २१ लाख ७ हजार बजेट दिइएको थियो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ६० करोड ९६ लाख १९ हजार पाँच सय ५८ कुल बजेट रहेकोमा ३३ करोड ६७ लाख ८० हजार ८८४ रुपैयाँ खर्च भएको छ।

बाँकी ३ पेजमा

## आमाको सास बचाउन दौडिएका गणेश आफ्नै सास हारेर फर्किए



**युग संवाददाता**
**सुर्खेत, २६ असार ।**

मुगुको सोरु गाउँपालिका-१ का २५ वर्षीय गणेश नेपालीका लागि काठमाडौं सपना पूरा गर्ने सहर थिएन, जिम्मेवारी बोक्ने सहर थियो। गाउँमा बिरामी आमा, वृद्ध बुबा, श्रीमती, तीन वर्षीया छोरीको भविष्य उनको काँधमा थियो।

त्यसैले उनले आफ्नो सपना भन्दा पहिले परिवारको आवश्यकता रोजे। तर, परिवारको जीवन धान्न संघर्ष गरिरहेका गणेशको यात्रा शुक्रबार उपचारकै क्रममा टुंगियो। काठमाडौं महानगर प्रहरीसँगको विवादपछि उनले आफ्नै शरीरमा पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेका थिए। गम्भीर घाइते भएका उनको शुक्रबार वीर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ।

गणेशकी आमा सौरी दमाइ लामो समयदेखि दम रोगबाट पीडित छन्। उपचारका लागि उनी काठमाडौंमै बस्दै आएकी थिइन्। महिनैपिच्छे अस्पताल धाउनुपर्ने, औषधी किन्नुपर्ने र उपचार खर्च जुटाउनुपर्ने बाध्यता थियो। घरमा नियमित आम्दानीको स्रोत थिएन।

त्यसैले आमाको उपचारदेखि घरखर्चसम्मको जिम्मेवारी गणेशले एक्लैले उठाएका थिए। गणेशका दाई नाता पर्ने पत्रकार अंगराज परियारका अनुसार उनी एसएलसीपछि कृषि जेटीए अध्ययन गरेका थिए। सरकारी जागिर खाने सपना बोकेर लोकसेवा आयोगको तयारी गर्न उनी पाँच वर्षअघि काठमाण्डौं पसेका थिए। तर, पटक-पटकको प्रयास सफल हुन सकेन। अन्ततः उनले रोजगारीको अर्को बाटो रोजे।

काठमाडौंमा उनले 'पठाओ' चलाउन थाले। सुरुमा पुरानो मोटरसाइकल चलाए। पछि आम्दानी बढाउने आशामा गाउँको जग्गा धितो राखेर ऋण निकाले र नयाँ मोटरसाइकल किने। परियारका अनुसार त्यो मोटरसाइकल किन्नु विलासिताका लागि होइन, घरको चुल्हो बलिरहोस् भनेर गरिएको निर्णय थियो। 'आमाको उपचार गर्नैपर्थ्यो। घर पनि चलाउनुपर्थ्यो। ऋण गरेर भए पनि बाइक किनेका थिए,' उनले भने। करिब दुई वर्षदेखि पठाओ चलाइरहेका गणेशको कमाइमै परिवार टिकेको थियो। दाई मदनले लोकसेवाको तयारी गरिरहेका थिए। खर्च अभाव हुँदा दाईलाई पनि सहयोग गर्ने उनी नै थिए।

गाउँमा वृद्ध बुबा चिने दमाई एक्लै छन्। गणेशका एक दिदी, एक बहिन र एक दाई छन्। दिदी र बहिनीको विहे भइसकेको छ। काठमाडौंमा भने गणेश आफ्नी श्रीमती, तीन वर्षीया छोरी र बिरामी आमासँग बस्दै आएका थिए। उनको परिवार भक्तपुरको कमलविनायकमा बस्दै आएको छ। गणेशको अर्को सपना पनि तयार हुँदै थियो। वैदेशिक रोजगारीका लागि दुबई जाने प्रक्रिया अघि बढिरहेको थियो। परिवारको आर्थिक अवस्था सुधार्ने आशा त्यही थियो। तर, त्यो सपना पूरा हुन नपाउँदै सबै समाप्त भएको छ। परिवारका अनुसार उनी पहिले पनि ट्राफिक जरिवानामा परेका थिए। पछिल्लो घटनामा महानगर प्रहरीसँग भएको विवादपछि उनी मानसिक रूपमा निकै विचलित बनेको हुन सक्ने परिवारको बुझाइ छ।

गणेशको मृत्युले एउटा परिवारको भरपर्दो सहारा मात्रै खोसेको छैन, धेरै प्रश्न पनि छाडेको छ। बिरामी आमाको उपचार अब कसले गर्ने ? तीन वर्षीया छोरीको भविष्य कसले बनाउने ? गाउँमा रहेका वृद्ध बुबाको सहारा को बन्ने ? यी प्रश्नको जवाफ अहिले कसैसँग छैन। गणेश नेपाली अब छैनन्। तर, उनको जीवनले नेपालको कुरूप यथार्थ उजागर गरेर गएको छ–जागिरको खोजीमा असफल भएपछि ऋण गरेर रोजगारी सिर्जना गर्न बाध्य हुने युवा, बिरामी अभिभावकको उपचारका लागि दिनरात संघर्ष गर्ने छोरा, परिवारको भविष्यका लागि विदेश जाने सपना देख्ने पिता र जिम्मेवारीको भारीले थिचिएको एउटा सामान्य नेपालीले आफ्नै देशमा बाँच्नका लागि पनि राज्यसँग याचना गर्नुपर्ने बाध्यता।

# कर्णाली हाईअल्टिच्युट ट्रेनिङ सेन्टर शिलान्यास

**गोल्डेन बुढा**
**जुम्ला, २६ असार ।**

विश्वकै सबैभन्दा उचाइमा धान फल्ने छुमचौरको छेउ र पातारासी हिमालको काखमा अन्तर्राष्ट्रिय स्तरको कर्णाली हाईअल्टिच्युड ट्रेनिङ सेन्टर निर्माणको औपचारिक सुरुआत भएको छ।

लामो समयदेखि जग्गा विवादका कारण रोकिएको बहुप्रतीक्षित परियोजना अन्ततः शिलान्याससँगै कार्यान्वयन चरणमा प्रवेश गरेको हो। कुल १ अर्ब ८७ लाख ७६ हजार ३ सय २७ रुपैयाँ ७७ पैसा लागतमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी निर्माण प्रक्रिया अघि बढाइएको जिल्ला खेलकुद विकास समितिका प्रमुख कविदत्त न्यौपानेले बताए।

उनका अनुसार प्रारम्भिक चरणअन्तर्गत ३ करोड रुपैयाँ बराबरको ठेक्का प्रक्रिया सम्पन्न भइसकेको छ। सुरुआती निर्माणको जिम्मा दियो एण्ड लक्ष्मी कन्सट्रक्सन प्रा.लि. ले पाएको छ। रारा इन्जिनियरिङ कन्सल्टेन्सी प्राइभेट लिमिटेडले तयार गरेको डिपिआरअनुसार पातारासीमा आधुनिक रंगशालासहित २१ वटा अत्याधुनिक संरचना निर्माण गरिनेछ।

व्यवस्थापकीय निर्देशक इन्जिनियर प्रवेश आचार्यका अनुसार भलिबल, फुटबल, बास्केटबल, कराते, बक्सिङ, तेक्वान्दो र एथलेटिक्ससहित दुई दर्जनभन्दा बढी खेलका लागि अन्तर ाष्ट्रिय मापदण्डअनुसार पूर्वाधार विकास गरिनेछ। केन्द्रमा अत्याधुनिक स्विमिङ पुल, लैङ्गिकमैत्री छात्रावास, पाहुनाघर तथा सुरक्षा संरचनासहित पूर्ण स्पोर्ट्स कम्प्लेक्स निर्माण गर्ने योजना छाशिलान्यास कार्यक्रममा बोल्दै पूर्व समानुपातिक सांसद विनिता कठायतले परियोजनाका लागि बजेट अभाव हुन नदिने प्रतिबद्धता जनाइन्।

पूर्व खेलकुदमन्त्री विराजभक्त श्रेष्ठको कार्यकालमा ६ करोड रुपैयाँ बजेट विनियोजन भएको स्मरण गराउँदै उनले आगामी दिनमा पनि यस परियोजनालाई प्राथमिकतामा राखिने बताइन्। जिल्ला समन्वय समितिका प्रमुख गौरीन्द आचार्यले स्थानीयको सहकार्य र जिल्लाको पहलबाट वर्षौंदेखिको जग्गा विवाद समाधान भएपछि परियोजना अघि बढ्न सफल भएको बताए।

"खेलमैदानको अभावमा पर्याप्त अभ्यास गर्न नपाई प्रतियोगितामा जानुपर्ने बाध्यता अब अन्त्य हुनेछ," उनले भने, "अब जुम्लामै अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण सम्भव हुनेछ।" पातारासी गाउँपालिका अध्यक्ष पूर्णसिंह बोहराले यो परियोजनाले पातारासी, छुमचौर र लोठचौरलाई खेल पर्यटनको नयाँ गन्तव्यका रूपमा स्थापित गर्ने विश्वास व्यक्त गरे।


उक्त वडा नं. ३ का अध्यक्ष गोविन्द्र बुढाले कठिन परिस्थितिमा यो परियोजना

बाँकी ३ पेजमा




कथा :

# भोज र भ्रम



विश्वम्भर चञ्चल

उनीहरूले भव्य भोजको आयोजना गरे । तर प्रश्न उठ्यो- क-कसलाई मात्र भोजमा आमन्त्रण गर्ने ? कसैले भने, "हामी मांसाहारी हौँ । मांसाहारीहरूलाई मात्र भोजमा आमन्त्रण गरिनुपर्छ ।" अरूले भने, "शाकाहारीलाई पनि आमन्त्रण गरिनुपर्छ । उनीहरू पनि हाम्रै दाजु-भाइ र बन्धु-बान्धब हुन् । हामीले आफ्नै दाजु-भाइ र बन्धु-बान्धबलाई छुटाएर यो भोज गर्दा हामीलाई गाल पर्छ । अरूको दृष्टिमा हामी तल पर्छौं ।"

"हो ! हो ! मलाई त लाग्छ विदेशी पाहुनाहरूलाई पनि बोलाएर यो भोज गर्दा झन् जम्ला । भोजको कारणबाट विदेशीहरूले पनि हाम्रो सौहार्द्रता र आत्मीयताको परिचय पाउलान्," कसैले थपे, "अन्तर्राष्ट्रिय जगतमा शुद्ध हाम्रो परिचय र संस्कृतिको ज्ञान बढ्नेछ । हाम्रो फैलिएको बदनामीलाई यस भोजको माध्यमद्वारा हामीले सच्याउने मौका पाउनेछौँ । यस भोजलाई यस्तै अवसरको रूपमा हामीले प्रयोग गर्न सक्नुपर्छ आफ्नो रणनीतिकै लागि भए पनि । हामीले धमिलो पानीमा माछा मार्न जान्नेहरूलाई परास्त गर्न सक्ने वातावरणको सिर्जना गर्न सक्नु नै यस बखतको हाम्रो बुद्धीमानी हो ।"

"हुन्न, हुन्न । विदेशीहरूलाई त यो भोजमा बोलाउनै हुन्न । आफ्नो जातीय समुदायको भोजमा किन बोलाउने हँ हामीले उनीहरूलाई ? के भोज भन्दैमा जसले जसलाई पनि बोलाउने हो र ?" कसैले तर्क निकाले, "फेरि अर्कोतिर, के आफ्नै बेइज्जत गर्नु छ र उनीहरूलाई बोलाएर ? एक त हामी उनीहरूको सम्मान पुर्याउनै सक्दैनौँ र ल भैगो, यदि केही गरी सम्मान पुगिहालेछ भने पनि हामी-हामीमै झगडा र मारकाट नहोला भन्ने के ठेगान ? भोज न हो ! के खाइएला, के नखाइला । खाँदाखाँदै उनीहरूको पनि अनेक माग बढ्ला । यसलाई 'यो न खा' भन्न पनि भएन र उसलाई 'त्यो न खा' भन्न पनि मिलेन । अर्कोतिर, उनीहरूले भने-भनेको कुरा हामीले पुर्याउन सक्ने पनि होइन ।"

"के त्यसो भनेर मात्र विदेशी पाहुनालाई यस भोजमा आमन्त्रण नगरिनु राम्रो होला र ? यस भोजलाई त हामीले प्रीतिभोजको रूपमा मात्र लिएका न हौँ.... !" फेरि अर्कोले अर्कै तर्क निकाल्यो, "हामीले यसलाई प्रीतिभोजको रूप दिन्छौँ र हामी-हामीबीच बिग्रिएको सम्बन्धलाई सुधार गरेर आपसी सद्भाव र शान्ति कायम गर्न खोज्छौँ भने विदेशीलाई आमन्त्रण गरेर के बिग्रने हो र ? हामी अझै पनि फुटिसकेका रहेनछौँ भनेर अन्तर्राष्ट्रिय जगतमा पनि राम्रै सन्देश दिन्छ र होइन र यस भोजको माध्यमले... ? हाम्रो सम्बन्ध सुधार्ने सम्बन्धमा उनीहरूले पनि केही कुराको सल्लाह दिएमा अझ त्यो पनि राम्रो.... !"

"अँ... चाहिँदैन कसैको राम्रो-साम्रो," हातको इशाराले सबैलाई चूप लगाएर हाइकमान्ड बोल्यो, "हामी आफ्नो समस्या आफैँ सुल्झाउन सक्छौँ । हामी आफैँ समर्थवान् छौँ यसमा ।"

कुरो टुङ्गियो- विदेशीलाई नबोलाउने । तर पुनः कुरा कहाँ गएर अड्कियो भने मांसाहारी, शाकाहारी दुवै थरीलाई भोजको परिकार भने एकै प्रकार राख्ने । एउटाले शङ्का निकाल्यो, "त्यसरी एकै परिकार एकै ठाउँमा राख्दा शाकाहारीले खान मान्लान् र ? भोजको निमन्त्रणा पनि गर्ने र फेरि 'खाए खावोस्, नखाए घिचोस्' जस्तो गरी उनीहरूले खानै नमान्ने परिकार खाऊन् भनेर उनीहरूको भागमा पस्कन त मिलेन नि !"

"यो यस्तै हुन्छ भोजमा । यो भोज हो भाइ, भोज," अर्कोले कुरा थप्यो, "भोजमा क-कसले के-के खान्छन् व्यक्तिगत इच्छाको भरमा परिकार त राख्न सकिन्न नि ! हाम्रो बोलाउने काम हो, उनीहरूको आउने काम हो । आउँछन्, जान्छन् । खान्छन्, खाँदैनन् वास्ता राखेर हिँड्न सकिने विषय होइन यो ।"

"ठाउँ त राम्रै चाहिएला," एउटाले भन्यो । अर्कोले थप्यो, "यत्रो भोज गर्नु छ झन्डै अन्तर्राष्ट्रियस्तरको । ठाउँको विशेषता पनि बुझ्नुपर्यो नि हामीले ।"

"हो निश्चय हो !" उपस्थित सबैले समर्थन गरे । त्यसैले ठाउँको निर्णय भयो "लर्ड बुद्धज प्लेस' जहाँबाट वरिपरिका सुन्दर हिमाल तथा पहाडहरूको दृश्य झल्किन्थ्यो । पानीका छहराहरूको छङ... छङ... र नदीहरूको कलकल सुनिन्थ्यो । जङ्गलको शीतलताको अनुभव हुन्थ्यो । हेर्दैमा कति मनमोहक थियो त्यो स्थान ! विदेशी पाहुनाहरू आएका बखतमा शुद्ध संसारको राम्रो ठाउँ भनेर प्रसिध्दि कमाएको ठाउँ थियो त्यो ।

छलफलअनुसारकै ठाउँ र समय मिलाएर निमन्त्रणा कार्ड छापियो, बाँडियो । आयोजनास्थलमा भव्य पाल हालियो । भित्र र बाहिर सिँगारपटार गरियो । ध्वजापताका सजाइए । बत्ती झकिझकाउ बालियो । मानिसअनुसार बस्ने ठाउँ र स्वागतार्थ खटिनेहरूको सूची तयार पारियो । उपयुक्त दिन र समयमा कुन पहाड, कुन जङ्गल, कुन मैदान, कुन शहर जताततैबाट पाहुनाहरूको हूल ओइरिन थाल्यो । सबका अनुहारमा खुशीका रेखाहरू कोरिए । सबको सबमा भेटघाट हुने अवसर थियो त्यो । धेरै कालदेखि छुटेका आफ्ना बाबु-छोरा, आमा-छोरा, लोग्ने-स्वास्नी, दाजु- भाइ र इष्ट-मित्र तथा बन्धु-बान्धवहरूको पुनर्मिलनको संयोग पनि भयो । कसैले गला मिलाए । कसैले गालामा गाला जोडे । कसैले हात मिलाए । कसैले छाती जुधाए । कसैले अँगालो मारे त अझ कसैले कसैलाई बोकेर काँध-काँधमै हालेर घुमाए पनि । एकले अर्कोलाई शहरभरि अबीर हालेर रातामे पारिदिए मानौँ त्यो घडी नै मांसाहारीहरूका लागि एउटा विजयको घडी थियो । सबैतिर स्वागतको ताली बज्यो । हाहाहूहूको रमाइलोको वातावरणको श्रृष्टि भयो ।

"वा ! क्या रमाइलो हुने भयो अब !" मानिसहरूले अन्दाज काटे, "धेरैमा यस्तो खुशीको खबर आयो हाम्रो बीचमा ।"

"अब सधैँभरिका लागि यस्तै खुशीका दिन आए त हुने हो... !" मानिसहरूमा आशा पल्हायो । अझ कसैले त आँखाबाट आँशुका भेल बगाउँदै यो पनि पुकारा गरे कि "हे भगवान् ! अब हाम्रा छोरा-छोरीको कुबुद्धीको अन्त्य होओस् र सदाचार र सद्ज्ञान पलाओस् यिनीहरूमा ! आजसम्मका आफ्ना सबै नराम्रा कार्यहरूलाई छोडेर शान्तिसँग आफू-आफू मिलेर बसून् सधैँ-सँधैँभरि... ।"

अब त्यहाँ शुरु भयो खानपिन र हँसी-मजाकको वातावरण । यसै बखत कसैले भनेको सुनियो, "खोइ शाकाहारी समूह त अहिलेसम्म आएनन् नि कोही पनि ? किन नआएका होलान् ती ?"

"आउँदै होलान् नि सबै एकै चोटि मिलेर," कसैले व्यङ्ग मारे, "हामी त मांसाहारी न पर्यौँ ! सके डराए कि हामी उनीहरूलाई पनि खाइदिन्छौँ कि भनेर...!" एउटा ठूलो हाँसोको लहर चल्यो त्यहाँ । कसैले सुनाए, "उनीहरू पशु त होइनन् नि हामी उनीहरूलाई नै मारेर र काटेर खाइहाल्ने !"

यसैबीच समूहको बीचबाट कुनै एकले औँल्याउँदै करायो, "उः आए ! आए ! एउटा ठूलै हूल आएजस्तो छ- मानव हूल, नागरिक हूल, शान्ति हूल, विकास हूल, धर्म र सम्प्रदाय हूल आदि के-के नाम गरेका हूल हुन् के-के ।"

"ए हेर ! हेर !" फेरि अर्कोले आश्चर्य प्रकट गर्यो, "उनीहरूको साथमा त एक हूल पशुहरू पनि ल्याएका जस्ता छन् नि !"

"हो ! हो ! पशुहरू नै हुन् भाइ !" अरूहरूले पनि यकिन जनाए । आखिर शाकाहारीका ती सबै खाले हूलहरूसँगै पशुहरूको हूल पनि आइपुग्यो । जब ती आइपुगे मांसाहारी र शाकाहारीहरूको हूल आ-आफ्नो हिसाबले भेटघाट र आपसी भलाकुसारीमा समय बिताउन लागे । साथमा आएका पशुहरूचाहिँ पुच्छर हल्लाउँदै कान ठाडा पार्दै 'ब्याँब्या' र 'म्याँम्याँ' गर्दै यताउति लरखरिए । विभिन्न खाले पशुहरू थिए ती- खसी, बोका, च्याङ्ग्रा, भेडा, बरुवाल, राँगो, भैँसी सब किसिमका... । भोजका आयोजकहरूले सोधे, "होइन के गरेको यो ? के गाईजात्रा देखाएको यहाँ ? । यी पशुहरू किन यहाँ ? अब हाम्रो भोजको रस-रङ्ग नै बिग्रिने भयो यिनीहरूले गर्दा ।"

"होइन, यी पशुहरूमाथि ज्यादै अन्याय भयो । यिनीहरूले ठूलो कष्ट र पीडा भोग्नुपर्यो हाम्रै कारणले । भन्छन्- उनीहरूको पनि जनताजस्तै भएर, नागरिकजस्तै भएर र मानिसजस्तै भएर बाँच्ने अधिकार छ । उनीहरूले पनि आ-आफ्नो मिहेनत र भाग्यअनुसारको गरी खाएर सुखपूर्वक बस्न पाउनुपर्छ । भन्छन्- यिनीहरूले के बिराए र यिनीहरूमाथि यो अन्याय र अत्याचार हुँदै छ ? यसैले अघिपछि यिनीहरूले तपाईंहरूलाई भेटेर आफ्ना मनका बह पोख्न नपाउने भएकाले हाम्रो मदत मागेर आज यस भोजमा उपस्थित भएका हुन् । यिनीहरू न यहाँ खान आएका हुन्, न त त्यति ठूलो कुरा माग्न नै ? यी त आ-आफ्ना साधारण जीवन बिताउन चाहन्छन् । आ-आफ्ना अधिकार चाहन्छन् । खास त भनुँ भने यिनीहरू शान्ति चाहन्छन् आफ्नै देशका अरू जनता, नागरिक वा मानिसहरूसरह भएर बाँच्न चाहन्छन् । यिनीहरू पनि आ-आफ्नै भाषाले बोल्न, बुझ्न र सम्झिन चाहन्छन् । सचेत छन् यिनीहरू हरेका कुरामा र आफ्ना मनका चाहना, इच्छा र आकाङ्क्षाहरूलाई व्यक्त गर्न पनि सक्छन् । पूरा नभए त्यसको विरोध गर्न पनि जान्दछन्... ।"

हूलको बीचबाट कसैले अट्टहास गरी हाँस्यो । सबैले ऊतिर हेरे । एउटाले इशारा गर्यो, "किन हाँस्यौ यसरी ?" भन्यो त्यही हाँस्नेले शाकाहारीतिर देखाएर, "उनीहरूका कुरा सुनेर... ।"

"के कुरा सुनेर हाँस्नु भो तपाईं यस्तरी ?" शाकाहारीमध्ये फेरि कसैले प्रश्न राख्यो । जवाफ दियो उसले, "पशुहरूले पनि विरोध गर्ने कुरा सुनेर... जब कि हाम्रो यस राजमा हाम्रो आदेशबिना मानिसले त केही बोल्न र गर्न नै आँट गर्न सक्दैन भने पशुहरूले विरोध गर्ने रे..., हा....हा....हा....हा...!"

यसरी उसले अट्टहास गरेको देखेर उसका समूहका अरू-अरूले पनि त्यसै गरी अट्टहास भरे मानौँ सिनमाका 'भिलेन' समूहको हाँसोजस्तै गरी धेरैबेरसम्म गुञ्जिरह्यो त्यस दुष्ट हाँसोको लहर त्यस भोजको पालभित्र ।

यस प्रकारको उनीहरूको दुष्ट हाँसोलाई खप्न नसकेर शाकाहारीमध्ये एउटाले बोल्यो, "नहाँस्नोस्, बुझ्नुभो यसरी ? आज पशु-पंक्षीको रक्षाको लागि त विश्वमा अभियान नै चलिसकेको छ भने यिनीहरू त यस देशका बासिन्दा हुन्- पशु- बासिन्दा । यिनीहरूको बोलीचाली र बानी-व्यवहार सबै पशुहरूको जस्तै भए पनि अनुहार त हामी मानिसको जस्तै छ नि, हेर्नुहोस् त ! फेरि हामी सबैको एउटै मालिक पशुपतिनाथ पनि त छन् नि यस पशुपतिलोकमा सबैको रक्षा गर्न बसेका । यहाँ जति तपाईं-हामी मान्छे भन्ने जातिलाई बाँच्ने अधिकार छ यिनीहरूलाई पनि त्यत्ति नै अधिकार छ । तपाईं हामीले जे-जति सुख-सुविधा भोग गरिरहेका छौँ, उनीहरूलाई पनि हामीले त्यो सुख-सुविधा प्रदान गर्न सक्नुपर्छ । यिनीहरूको भर हामीलाई, हाम्रो भर यिनीहरूलाई...," उसले इतिहास बतायो, "पहिले-पहिले यिनीहरू पनि तपाईं-हामीजस्तै मानिस थिए । यिनका पूर्खा पनि यसै देशमा जन्मेका जन्मजात नागरिक थिए । हाम्रो जस्तै अधिकारको भोग गर्थे यही पुण्ड्य भूमिमा । रहँदा-बस्दा समयले कोल्टे फेर्यो । समय परिवर्तन हुँदै गयो र प्रकृति पनि बदलियो । वानरबाट हामी मानिसमा परिणित भएजस्तै उल्टो यिनीहरूका पिता-पुर्खा मानिसै भए तापनि यिनीहरूचाहिँ मानिसबाट पशु बने । तपाईं-हामीले नै यिनीहरूलाई पशु बनायौँ । यिनीहरूको मानिस भएर बाँच्ने हक र अधिकार छिनिदियौँ र पशुको रूपमा व्यवहार गर्न थाल्यौँ । अझ तपाईंहरूले त तपाईंहरूसँग भएको हतियारको भरले, शक्तिका उन्मादले र जङ्गली कानूनका बलले यिनीहरूलाई पशुलाई नै जस्तो गरी बलि चढाएर यिनीहरूको नृशंश हत्या गरिदिनुभयो । तपाईंहरूको शक्तिको अगाडि यिनीहरूको केही लागेन । यिनीहरूको पक्षमा बोलिदिने कोही भएनन् । बोल्नेहरूको पनि जिब्रो चुँडिदिनुभयो । सुन्नेहरूको कान खोसिदिनुभयो । अनि बाँकी यिनीहरूको बोली र व्यवहार पनि अलि-अलि गर्दै पशुत्वमा बदलियो । यिनीहरूको मानिस मानिस जस्तो बनेर, नागरिक नागरिक जस्तो भएर र जनता जनता जस्तो ठानेर बाँच्ने अस्तित्व नै खतम गरिदिनुभयो, धूलोमा मिलाइदिनुभयो, माटोमा मिसाइदिनुभयो । त्यसैले सम्झ्यौँ हामीले पनि कि आफ्नै दाजु-भाइको घरको भोज हो यो भने यिनीहरूलाई लैजाँदैमा र यिनीहरूका बारे र यिनीहरूका दुःख, दर्द र पीडाका कुरा सुनाउँदैमा के बिग्रेला र ? त्यसैले ल्यायौँ यहाँ हाम्रो भोजमा र सबै दाजु-भाइ भएको समय पारेर कुरा मिलेछ भने पनि मिलिहालेछ र यदि मिलेनछ भने नै पनि पछि हामीले खाइसकेपछि जे-जति बाँकी रहन्छ, यिनीहरूलाई खान दिउँला, भैहाल्छ नि भनेर मात्र यिनीहरूलाई यहाँ लेराएका हौँ... ।"

"यिनीहरूले यहाँ केही बिगार गरिदिए भने को जिम्मा हुने नि ?" मान्छेकै विश्वास नहुने ठाउँमा पशुहरूको के विश्वास ?" कसैले शङ्का प्रकट गरे । भने, "भै गो ल्याइहाल्नुभयो । थुनिदिउँ अहिले यता कतै कसैका गोठमा र भोज सिध्दिएपछि फालेको बाँकीबक्यौता खुवाएर तपाईंहरूकै साथमा पठाइदिउँला ।"

"ठीक छ ल !" शाकाहारीहरूले मञ्जुरी जनाए, "अहिलेलाई यिनहिरूलाई खोरमा थुनि नै दिउँ । तर यिनीहरूका बारे छिनोफनोचाहिँ आजैको भोजमा हुनुपर्छ ।"

"हुन्छ, हुन्छ भोज त सिद्धयाउँ पहिले । अनि यिनीहरूको बारे पनि छिनोफानो हुँदै गर्ला," मांसाहारीपट्टिको हाइकमान्डले कुरा टुङ्ग्यायो ।

भोज चल्दै गयो, खानेकुरा सिद्धिँदै गयो । तर पाहुना भने कम हुन छोडेनन् । टाढा-टाढाबाट पनि मांसाहारीहरूको समूहको लर्कन लाग्यो । आयोजकहरूलाई फसाद पर्यो अब के गरेर भोजको इज्जत थाम्ने ? एउटाले प्रस्ताव राख्यो, "अब थालौँ खोरमा थुनेका यिनै पशुलाई बजाउन र कम्तिमा मासुको त भाग पुर्यायौँ !"

"हो ! हो ! अरूले मञ्जुरी जनाए । तर शाकाहारीहरूले भने त्यसको विरोध गरे । भने, "हुँदैन, शरणमा आएकालाई मरण गर्नु हुँदैन । मानव धर्मले यो कुरा गर्न दिँदैन र अन्तर्राष्ट्रिय कानून तथा मानव अधिकारको व्याख्याले पनि यो कुरा छुट छैन ।"

"कहाँ छ तिम्रो मानवधर्म ? कहाँबाट आयो यो मानव अधिकारको कुरा ? कुन कानूनको नाम हो तिम्रो अन्तर्राष्ट्रिय कानून ?" मांसाहारीका तर्फबाट एउटा कड्किर्यो, "हाम्रो धर्म त यही हो जसरी होस् आफ्नो पेट भर्नु चाहे कसैलाई मारेर होस् कि अरू कुनै उपायले होस् ! तिमीलाई थाहा छैन क्गचखषबर्ा या तजभ“ाततभकत को सिद्धान्त ? अनि यो सिद्धान्त लागू गर्नु पर्दा साम, दाम, दण्ड, भेद जुन नीतिको अनुशरण गर्नुपर्छ, हामी त्यसैको अनुशरण गर्छौं ।"

"तर यी त हाम्रो भरमा यहाँ आएका हुन् । हामीलाई सारै नराम्रो पर्छ यिनीहरूलाई मारी खाँदा मानौँ यिनीहरूले नै सम्झिने छन् कि हामीले नै यिनीहरूलाई यहाँ लेराएर फसाइदियौँ । हामी यस प्रकारको विश्वासघातको जघन्य अपराधमा फस्न चाहँदैनौँ," शाकाहारीद्वारा झिनो आवाज निकालियो तर त्यसै बखत त्यहाँ विभिन्न प्रकारका विदेशी पेय पदार्थहरू सबैका हात-हातमा आइपुगे । शाकाहारी भन्नेहरू एउटाले अर्काको अनुहार ताक्दै निकैबेर अन्कनाए । मांसाहारीहरूले भने, "यो त शाकाहारीहरूमा पनि चल्छ नि, होइन र ! सबै फलफूलकै रसबाट बनेको हो नि त यो ! विदेशी फलफूल... ! यसमा माछा-मासुको गन्ध नै कतै केही हुँदैन । शुद्ध शाकाहारी सर्वत मानिन्छ यसलाई । लिऊँ, लिऊ, हुन्छ ।"

मांसाहारीका तर्फबाट यो कुरा सुनिसकेपछि शाकाहारीमध्येको मानव हूल प्रमुखले एक पटक घुटुक्क थुक निल्यो र खिस्स हाँसेर सुनायो, "त्यो त हो ! शाकाहारीहरूले पनि यो त लिन्छन् नै ! यो त हामीलाई पनि थाहा छ कि सबै असली फलफूबाटै बनेका हुन्.... ।"

"लौ त बेर केको लागि त अब, 'चियर्स' गरौँ ?" शाकाहारीमध्यैकै अर्को लोभी नागरिक प्रमुख बोल्यो ।

हो..., हो..., ल चियर्स... ! "शान्ति प्रमुखले पनि साथ दियो । त्यसपछि त के चाहियो ? कुन मांसाहारी, कुन शाकाहारी ? एउटाले अर्कोको हातमा गिलास थमाइदिँदै एकआपसमको गिलास बजाराबजार गर्न थालिहाले र अब त्यहाँ एकै पटक निकै ठूलो र एकसाथको आवाज आयो, 'चियर्स...।'

उसै त भोजमा अपुगको अवस्था त्यसमाथि विदेशी रक्सीको प्रभाव ! धमाधम ती पशुहरूलाई थुनेको ठाउँबाट घिसार्दै निकालियो र एक-एक गरेर बीभत्स रूपले र बिभिन्न तरीकाले उनीहरूको हत्या गर्न थालियो । कसैको घाँटी रेटियो । कसैको गर्धन छिनालियो । कसैका खुट्टा भाँचिए । पुच्छर निमोठिए, गुदद्वार च्यातिए, छाला काढिए । कसैको आँखा फुटालिए । कसैको कान लुछिए । कसैलाई गोली नै ठोकियो भने कसैलाई भुत्ते बन्चरोले छिया-छिया पार्दा पनि मर्नै नसकेर त्यसै आगोमा फालिए । यस्तो लाग्थ्यो- हामीले गरुडपुराणमा सुनेको यमराजका दूतहरूले पापीलाई दिएको सजायभन्दा कम दुःख भोग्नुपरेन ती मानिसरूपी पशुहरूले । 'ब्याँब्याँ' र 'बुँबुँ, ' 'म्याँम्या' र 'मुमु' को घनघोर चित्कार सुनियो उनीहरूको । माँसाहारी भन्दै थिए-"ए ! तैले हाम्रो बारीको अन्न खाइदिएको होइनस् ? लौ खा फेरि खान्छस् कि.... ? ए ! तैँले हाम्रो छोरा-छोरीलाई हानिदिएको होइनस् ? लौ फेरि हान्छस् कि.... ? ए ! तैँले हाम्रो घरअगाडिको बारीमा आएर हगिदिएको होइनस् ? लौ फेरि हग्छस् कि... ? ए ! तैँलै मेरो घरतिर हेरेर कराएको होइनस् ? लौ अब मुख आँ... बाउन सक्छस् कि... ? आदि इत्यादि क-कसले क-कसलाई के-के दोष दिनुपर्ने हो दिँदै थिए उनीहरू ती बिचरा पशुहरूलाई । हुँदा-हुँदा त यतिसम्मको दृश्य त्यहाँ देखिन थाल्यो कि मांसाहारी-मांसाहारीबीच नै लुछाचुँडी हुन थाल्यो यो हाम्रो शिकार र यो तिमीहरूको शिकार भनेर । कान पोलेर खानेले कान समाते । जिब्रो मीठो लाग्नेले जिब्रो चुँडाले । गिदी खानेले गिदी निकाले । फोक्सो खानेले फोक्सो च्यातेर लिए । मुटु चुडाँल्नेले मुटु चुँडाले । सूप मीठो लाग्नेले खुट्टाको नलीखुट्टा च्यापे । कसैले छातीका त कसैले फिलाका साँप्रा हात पारे । मांसाहारीपट्टिका दुईटै समूह मात्तिएका थिए प्रशस्त मादक पदार्थको सेवनले । एकपछि अर्को बोतल रित्तिदै थियो । भर्खरका कलिला र स्कूले केटाकेटीहरूले सेवा पुर्याइरहेका थिए उनीहरूलाई । बेला-बेलामा अश्लील शब्द र व्यवहार पनि देखाउँथे उनीहरू ती केटीहरूमाथि सबैका सामुन्ने र छिप्पिएको बोका कराएको झैँ कराउँथे वा असनको साँढे डुक्रिएझैँ डुक्रिन्थे पनि । आँखै देखेका थिएनन् उनीहरूले । जसलाई जति खाए पनि नपुग्ने र काँचै र जस्तो पनि खान तम्सिएका थिए उनीहरू ती पशुहरूलाई कुनै पनि रूपमा । केवल पाए पुग्यो मासुको चोक्टा । अब त त्यहाँ हुन पो के थाल्यो भने मांसाहारी-मांसाहारीबीचमै पहिलेदेखिको चलेको लुछाचुँडीमा यस बखत आएर एउटा समूहले अर्को समूहलाई सिद्धयाउन पो सुर कस्यो आ-आफ्नो पहिलेदेखिको भित्री रिस-इबी साध्न । एउटाले डाँडाबाट हानेको जस्तो गर्थ्यो भने अर्कोले मैदानबाट । एउटाले जङ्गलबाट हानेको भान पार्थ्यो भने अर्कोले शहरबाट । ती शाकाहारी हूल जे-जति थिए त्यहाँ शुरुमा त दुवै पक्षलाई सम्झाउने-बुझाउने प्रयत्न गर्दै थिए । भन्थे- छोडिदेऊ दुवै थरीले यी पशुहरूलाई ताकि यिनीहरू पनि अब आ-आफ्नो जीउ जिउन सकून् । जति गए, गइहाले, भैगो । अब भो आफू-आफूमै यो युद्ध नगर यिनीहरूकै लागि ।" तापनि उनीहरू अब धेरै बोल्ने र विरोध गर्ने पक्षमा थिएनन् । विदेशी मादक पदार्थले लठ्ठिसकेका थिए उनीहरू पनि र स्वयं नै पनि त्यहाँ अडिन सक्ने अवस्था थिएन उनीहरूको पनि । अर्कोतिर, हतियारधारीहरूका अगाडि उनीहरू निःशस्त्र पनि थिए । ठाने- यस संसारमा जीत त्यसैको हुन्छ जसको हातमा हतियार हुन्छ । हतियारले न्याय, अन्याय, र आदर्श र बेइमानीको मुख हेर्दैन । अब त 'विचार' र 'आदर्श' भन्ने शब्द यस संसारमा कमजोर व्यक्तिको लागि मात्र हो.... ।

यी सबै क्रियाकलाप त्यस भोजमा हुँदै थियो कि अकस्मात् पृष्ठभूमिबाट उनीहरूको आ-आफ्नै समूहले मात्र सुन्ने गरेर आवाज आयो । त्यस आवजले भन्यो- "भो, अब अहिलेलाई सबैले यो नाटक बन्द गर । केवल काम मात्र तिमीहरूको यो हो कि 'साँच्चिकै यो नाटक थिएन' भनेर सबैलाई भ्रम पार्न र देखाउन सक... । अहिलेलाई यसैमा तिमीहरूको सफलता छ... ।"

## विश्व

# अस्ट्रेलियाको समुद्री पक्षीमा एच-५ बर्ड फ्लू पुष्टि

**सिड्नी, २६ असार ।** वैज्ञानिकहरूले पहिलो पटक अष्ट्रेलियाको समुद्री पक्षीमा सङ्क्रामक रोग एच -५ बर्ड फ्लू पत्ता लगाएको अष्टेलिया सरकारले शुक्रबार जनाएको छ ।

गत जुन देखि अस्ट्रेलियामा एच-५ बर्ड फ्लूको कुल १२ वटा सङ्क्रमण पुष्टि भएको र सङ्त्रमण स्थानीय वन्यजन्तुमा नभई प्रवासी समुद्री चरामा भएको जनाइएको छ ।

प्रयोगशाला परीक्षणले यो रोगले दक्षिण अस्ट्रेलियाको रोबे सहरको ग्रेटर क्रेस्टेड टर्नलाई संक्रमित गरेको पुष्टि गरेको छ ।

यद्यपि सङ्क्रमणको वृद्धि एक चिन्ताजनक अवस्था भएको कृषि मन्त्री जुली कोलिन्सले बताएका छन् । उनले हालैको एच-५ बर्ड फ्लूका सङ्क्रमणका कारण मृत्यु भएको कुनै प्रमाण नभएको होबार्टमा आयोजि पत्रकार सम्मेलनमा बताएका छन् ।

भाइरस अन्य पशु , कुखुरा पालन वा मानव समुदाय र कृषि प्रणालीहरूमा फैलिएको कुनै सङ्केत नभएकाले मानव स्वास्थ्यका लागि जोखिम कम रहेको उनले बताएका छन् ।

उहाँले प्रवासी समुद्री चराहरूसँग सम्पर्कमा रहने एक तटीय समुद्री पक्षीमा एच-५ परिक्षण सकारात्मक परीक्षण देखिएको उल्लेख गरेका हुन् ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — परिस्थिति अनुकूल रहनाले लक्ष्यप्राप्ति हुनेछ । छोटो समयमा फाइदा उठाउन सकिनेछ । अध्ययनमा प्रगति हुनेछ भने लेखनकलामा निखारता आउनेछ ।

**वृष** — प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

**मिथुन** — आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**कर्कट** — पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ । दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ ।

**सिंह** — सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । कर्मयोगले नयाँ मोड लिनेछ ।

**कन्या** — आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ ।

**तुला** — इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य गर्न सकिनेछ ।

**वृश्चिक** — दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।

**धनु** — मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । थोरै लगानीबाट नाफा उठाउन सकिनेछ ।

**मकर** — सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ ।

**कुम्भ** — धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइनेछ । सामाजिक काम गर्ने अवसर प्राप्त हुनेछ । प्रयत्न गर्दा दिगो काममा जग बसाउन सकिनेछ ।

**मीन** — परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । फाइदा उठाउन निकै मेहनत पर्नेछ । परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ ।

कथा :

# ईश्वरको मृत्यु



✍ मोहन सुवेदी

दोबाटोमा उभिएर तृतीय पुरुष

साधु : मन्दिर जाने बाटो कतातिर छ ?

बौलाहा : मेरो घर पनि एकदिन मन्दिर थियो।

साधु : मन्दिरको मूर्ति कस्तो छ ?

बौलाहा : कुनै स्वरूप छैन ईश्वरको, जस्तो खोज्यो उस्तै पाइन्छ। मभन्दा अग्लो त छैन ईश्वर, निश्चय पनि।

साधु : हे ईश्वर ! यो मान्छेलाई सुमति देऊ। तिम्रै लीला हो प्रभू !

बौलाहा : लीला र म दौँतरी हौँ। कहाँ छे होली यसबेला ऊ। तपाईँ लीलालाई जान्नुहुन्छ ?

साधु : के फसाद् ! बौलाहा रहेछ यो मान्छे त।

बौलाहा : ईश्वर पनि बौलाहा हो। नभए, तपाईँ जस्ता मानिसहरू उसले सिर्जना गर्न थिएन होला। कस्तो बेलामा जन्म भएको हो तपाईँको कुन्नि !

साधु : जन्म र मृत्यु त उसैको हातमा छ। यो पृथिवी क्षणभङ्गुर हो, हामी मात्र कठपुतली हौँ, नाचिरहने।

बौलाहा : जन्मिहाल्नु भयो जब केही राम्रो काम गरेर जानुहोस्। नभए, अन्ततः राम्रो कुरो सोच्ने त गर्नुहोस्। मर्ने कुरो किन गर्नुहुन्छ ? छिः।

साधु : भयो, अब म सोद्धिनँ मन्दिर जाने बाटो।

बौलाहा : यहाँ मन्दिर कहाँ छ र ! यी सबै ढुङ्गा, बालुवाले बनाएका पर्खाल हुन्। कत्ति निस्सासिएको छ त्यो पत्थरको मूर्ति पनि। बिचरा !

साधुः तपाईँ चैं को हो नि ?

बौलाहा : म ईश्वरको अनिष्ट चाहन्नँ।

**दोस्रो पुरुषमा प्रेमको परिणति**

- हजारौं युगको साक्षी राखेर मैले तिमीलाई दिएको वचन राख्न भरसक प्रयास गरेँ। तर त्यो मेरो कस्तो भूल थियो। साँचो मनको स्वच्छ प्रेमको परिभाषालाई तिमीले निमेषमा नै च्यातिदियौ। म के भनूँ ? एउटा रागात्मक द्वन्द्वलाई केन्द्रित पारेर टुक्रिएको सपनालाई के फेरि हामी त्यसरी नै सजाएर राख्नसक्छौ होला, अनुभव ?

- त्यो मेरो भूल थिएन। शायद ईश्वरले नै चाहेको थिएन, हाम्रो प्रेमको अपूर्व क्षणलाई। बहाना मात्र थियो त्यो। भयो, तिमी जुन बाटो भएर आनन्दको खोजीमा हिँडिरहेकी छ्यौ, म पनि अघि बढेको थिएँ त्यसरी नै, आफ्नो सुकिलो गोरेटो भएर। बस्, शुभकामना छ तिमीलाई, तिम्रो अनागत समयलाई। अपराजिता, म फेरि आउँनेछु फर्केर, तिमी हरेश नखाऊ।

- तिम्रो सम्झनाले बिथोलिएकी छु म। किन भन्यौ त्यसरी ? ईश्वरको कसम, मेरो भूल थिएन। तिमीले पनि भूल गरेनौ। दोष कसलाई दिनु र ! के हुनु पर्ने थियो, के भयो।

- बाँच्नु पर्दछ मानिसले, प्रत्येक सङ्घर्षभित्र। यसको नाम पनि जिन्दगी हो। यति वर्षको अन्तरङ्गतालाई तिमीले नभुल्नु, त्यो भन्दा सुख अरु के छ र ?

- सुखको कुरो कसरी भन्नु ! दुक्खमा पो मानिसले होश पाउँदो रहेछ। फेरि भएन हामी मनले त एकै हो, युगौंसम्म। ईश्वरको साक्षी राखेर नदीको किनारमा...

- भयो, मन दुख्छ मेरो। त्यो नदी, पहाड-पखेरा अब त सबै बिराना भइसके।

- समयले हुत्त्याएका हामी त्यो नदीको दुई किनारा भइसक्यौँ। हाम्रो आशाको आकाशमा अब कहाँ फुल्छ र फेरि जूनको सुवास... लौ त, फेरि भेट होला कि नहोला !

**ईश्वरको नजिकमा पहिलो पुरुष**

म बसेको डेराबाट त्यो मन्दिर त्यति टाढा थिएन। सानो झुप्रे घरको बाँसको झ्यालबाट मन्दिरको पछिल्लो भाग स्पष्टसित देखिन्थ्यो। दिनौं भक्तहरूको समागम, मन्दिरको शङ्ख ध्वनि र आरतिको आवाजसित मेरो अव्यस्त समय घनिष्ठ भइसकेको थियो। पीरलो समयको अन्तरालमा मैले अनेकौं दुःखान्त क्षणहरू त्यसबेला बिताइरहेको थिएँ। आफ्नो घरबाट टाढा रहेर स्वजनको मायालु अनुहारले कसरी अनवरत पछ्याइरहन्छ - त्यो भोगेको मानिसबाहेक अरु कसलाई थाहा हुन्छ र ! तर पनि मनलाई भने अनन्त सान्त्वना दिन सकेको थिएँ, अन्ततः मैले दोस्रो जन्म त पाएँ। त्यो ईश्वरको कृपाले हो कि होइन, म जान्दिनँ। तर, मेरा लागि त्यसबेला डाक्टरहरू नै एकेक जना साक्षात् ईश्वर जस्ता भएर मेरो सामु उभिएका हुन्थे।

बिहानीपखको परिवेशमा मन्दिरले मलाई अनेक सहारा र सान्त्वनाको स्पर्श दिन्थ्यो भने बेलुकीपख भक्तहरूको समागमले धेरै विरक्ति थुपारिदिन्थ्यो। मेरो अघि त्यस्तो परिवेशलाई अनिवार्य रूपले स्वीकार्नु बाहेक कुनै विकल्प थिएन। पिँढीमा चुपचाप बसेर टुलुटुलु हेरिरहन्थेँ, कसैले बोलाए पनि नसुने जसरी।

मन्दिरमा धेरै मानिस आउँदथ्ये, ईश्वर पनि दानव पनि। कसरी चिन्नु र ? मुखौटो लगाएका मानिसलाई चिन्न साह्रो पर्दछ। भयो, कति सहन गर्नु... ?

म फुत्त निस्किएर छेउको जङ्गलको बाटोतिर लाग्छु। सियाल र कुकुरहरूको डरलाग्दो भुकाइले मनलाई तर्साइदिएको हुन्छ। माथि आकाशतर्फ हेरि पठाउँछु। साँझपछिको सेतो जून सिँगारिएर मुसुक्क हाँसिरहेकी हुन्छे- मेट्रोपलिटान शहरकी कुनै अनाम वेश्या जसरी।

मन बहुतै अस्थिर छ। कसले विश्वास गर्दछ कि ईश्वरलाई मैले हत्या गरेको होइन ?

**पाठक-लेखक वार्तालाप**

'तपाईँले अपराजिता र अनुभवको प्रेमलाई किन दुःखान्त वर्णना दिनुभयो ?'

'त्यहाँ प्रेम होइन अनुभूति मात्रै छ। प्रेम सँधै सफल कहाँ हुन्छ र ? तपाईँले त्यहाँ प्रेम देख्नुभएन र ?'

'जे होस्, कथा अलिक वियोगान्त भयो, राम्रो लागेन।'

'अरू केही ?'

'साधु र बौलाहालाई केन्द्रित गरेर लेखिएको वार्तालापमा नयाँपन केही छैन। एउटा स्केच मात्र भयो। पछि के गर्नुहुन्छ ती दुवै बौलाहालाई ?'

'लेख्दै जाऊँ, अन्त्य के हुन्छ म पनि जान्दिनँ। चरित्रहरू हिँड्ने बाटोमा म तगारो हाल्न पुग्दिनँ।'

'तपाईँ फर्मका लागि मात्रै लेख्नुहुन्छ, एउटा ठोस् सिद्धान्त किन हुँदैन तपाईँको कथामा ?'

'म को हुँ र ठोस् सिद्धान्त दिने ? हजारौं छन् बाटाहरू। आ-आफ्नो रोज्ने तरिका बेग्ला बेग्लै छन्, खुल्ला छन् सबै नै। के तपाईँ मेरो सिद्धान्त मान्नु हुन्छ र ?'

'त्यो त मान्दिनँ। तर पनि कथाको समाप्ति हुँदैन तपाईँका कथाहरूमा। कथाको बीचमा तपाईँ किन पस्नुभयो ?'

'जीवन र जगतको समाप्ति नै सृष्टिको समाप्ति हो। अन्त्यमा कथाभित्र म स्वयं पसेको होइन। ईश्वरले समात्दै लगेको म एउटा पात्र मात्रै हुँ।'

'त्यसो भए मृत्यु ?'

'त्यो चिरन्तन वस्तु हो। त्यसलाई कस्ले रोक्न सक्छ र ! न तपाईँले न मैले, न ईश्वरले।'

**तृतीय पुरुषमा एउटा हत्या वा मृत्यु**

उसलाई कसरी र किन हत्या गरियो, त्यो आजसम्म पनि थाहा लागेको छैन। शहरको एकजना व्यवसायी युवकलाई कसैले पनि हत्या गर्नसक्छ - पैसाका लागि, प्रेमका लागि वा अन्य कुनै घृणाका लागि। मूल कुरो त्यो होइन। कसले हत्या गऱ्यो ? स्पष्ट नभए पछि विचरा कानूनले एक जनालाई जबर्जस्ती पक्रेर जेलमा थुनिदियो। त्यो मानिसले निक्कै जोडसित प्रतिवाद गऱ्यो, तर कसैले पनि सुनेनन्। कानून बहिरो थियो, शायद अन्धो पनि। त्यसैले, कानूनको बलियो पञ्जाबाट उसले सजिलै मुक्ति पाउन सकेन। कानूनलाई पाल्नेहरूले पनि के गरून् ! दुई-चार दिन छानबिन भयो, एउटालाई पक्रिएर त्यो हत्याकाण्डको कथाको परिसमाप्ति गराए।

त्यो साधारण मानिसलाई थुनुवा पारेपछि छिमेकीले पनि नदेखे जस्तो गरे, कत्तिले त नचिनेको मान्छे पनि भनिदिए। व्यर्थैको आपतमा को फस्ने। उसले त आफ्नो निर्दोषीको प्रतिष्ठा गराउने भरसक प्रयास गऱ्यो। तर उसित केही प्रमाणपत्र थिएन, जसले गर्दा उसको मित्रको हत्याको अपवादबाट ऊ मुक्त हुन सकोस्।

यन्त्रणाले उसलाई जन्मेको दिनबाट पछ्याउन छोडेको छैन। गरिबीपन, बेकारी अवस्था आदि सबै नकारात्मक दिशाहरू उसको शिरमाथि नै केन्द्रित भएका छन्। त्यसमाथि साथीको एउटा दुर्नाम। उग्रवादी, हत्याकारी आदिले सजाएर डोरीले बाँधेर तान्दै लगेको आफ्नो सम्पूर्ण शरीरलाई उसले सकेसम्म घृणा गऱ्यो। उसको अनुहारभरि उम्रिएर आएका थिए त्यसबेला विधवा आमाको न्यानो मुख, बैनीको मायालु अनुहार र एउटा भावालु परिचित छविको क्लोजअप्।

चिच्याएर के गर्नु र ! अब ऊ निर्वाक हिँडिरह्यो, जता तान्छन्, उतैतिर हिँड्छ। उसले सोच्यो, अब केही सोच्न छोडिदिनेछ। तर यो भने बारम्बार सोच्न छोडेन कि आखिर ईश्वरलाई कसले र किन यसरी हत्या गऱ्यो।

**द्वितीय पुरूषमा ईश्वरको खोजी**

- तपाईँलाई धेरै दिनपछि फेरि भेटेँ, राम्रो लाग्यो।

- किन राम्रो लाग्यो ? मैले बुझिनँ।

- मैले आज ईश्वरलाई भेटेर आएँ, यो जनाउन पाउँदा।

- बकवास् कुरो। ईश्वरको अस्तित्व नै कहाँ छ ? धेरै दिन भयो उसको मृत्यु भएको।

- मैले उनको साक्षात् दर्शन पाएँ। मेरो जन्म सफल भयो।

- केही प्रमाण छ कि तपाईँसित ? केही कागत, फोटो ?

- ईश्वरको कुनै रूप छैन। जसले जसरी चिताउँछ, उनी त्यही रूपमा देखिन्छन्। पानी, वायु, आकाश, रूख इत्यादि।

- अनि मानिसको स्वरूपमा ?

- हुन सक्छन्, त्यो अनिवार्य होइन। मनको सोचाइको गहिराईले छुन सक्नुपर्दछ।

- बीस साल भयो मैले ईश्वरको हत्या गरेको। चौध सालको काराबन्दी हुँ म।

- तपाईँलाई बिमारीले अझै छोडेको रहेनछ।

- हो, म एउटा बिमारी पृथिवीको बासिन्दा हुँ।

- राम्ररी हेर्न सके, यो पृथिवी त केही होइन, मिथ्या हो। निमित्त मात्र हौँ हामी पनि।

- निमित्तमा नै म हत्याकारी हुनपुगेको थिएँ। त्यसदिन मैले ईश्वरको हत्या गरेको थिएँ, त्यसको प्रमाण छ मसित।

- धत्त् ! कस्तो बौलाहा जस्तो कुरो गर्नुभएको...।

- तपाईँलाई भेटेर म ढुक्क भएँ। अन्ततः हामी दुई जना भयौँ।

**पहिलो पुरुषमा अनुभव र अपराजिता**

'उनीहरू फेरि त्यसरी नै खुल्ला आकाशतलको शान्त परिवेशमा बसेर अनेकौं आत्मीय क्षण बिताउन सक्छन् के ?', यस्तै सोचाइमा निमग्न छ अनुभव। अपराजितासितको अन्तिम भेट भएको मुहूर्त्तमा उसका दुई आँखाभरि उत्रिएका आँशुका थोपाले पनि बिदा दिएका थिए। अब त सम्झना मात्र रह्यो मुटुमा।

अनुभवको मायामा कुनै आशङ्का कित सन्देहको अवकाश अलिकति पनि थिएन। अपराजिता पनि चाहन्थी त्यसरी नै। क्रूर समयको निमोठ्याइमा अकाल मृत्यु भयो एउटा निर्दोष प्रेमको। अनि सीमाहीन यन्त्रणाले दुवैलाई आमृत्यु पिरोलि रह्यो। जिन्दगीले साथ दिइरहने अनुमति दिएन, अधुरो रह्यो। नियतिले शायद यस्तै चाहन्थ्यो। मानिसको प्रत्येक यन्त्रणाको नेपथ्यमा रहेको कुसमयको प्रभावले उनीहरूलाई पनि निचोरी दिन बिर्सिएन।

अपराजिता यसबेला कहाँ होली ? अझै रूँदै छे, कि सुकिसके उसका आँशुका थोपा ? आमा, बहिनी, साथी, छिमेकी... उफ् !

कविता

# मेरो गाई पालन



✍ अनिल पौडेल

अचानक स्वरोजगार बन्नेतर्फ
ह्वात्तै कदम चालियो
सिङ्गै गाई भित्र्याएर पशुपालन
थालियो।
आफू खरो क्रान्तिकारी कृषि
क्रान्ति नारा भएको
गाई झनै क्रान्तिकारी माझै
निधारमा तारा भएको।

हिलोमा डुबेर घाँस काट्नुपर्छ
दूहेसम्म आइरहन्छ दूध भनेर
ढाँट्नुपर्छ।
खान जति खाइदिन्छ बार्न क्यै
बार्दैन
खाएको भन्दा बढी हग्छ दूध
पटक्कै झार्दैन।
गाई त ल्याइयो तर खुसी होइन
चोट हजार छ
माइक टाइसन र ब्रुस्लीको
मिश्रित किक बजार्छ।
अगाडि देख्नै हुन्न मलाई
पोजिसन लिहाल्छ
ढुङ्गो लिई छेउमा जान्छु फ्लाइङ
किक दिहाल्छ।

कोही लुटेरै धन थुपार्छन्
तिनीहरूलाई चारै धाम छ
ढाडका ध्रुवध्रुवमा यसका चारै
खुट्टाको डाम छ।
पोसेँ बत्तिसा चापट अनेक
ज्यानैमात्र बढायो
हिजो घाँस हाल्न जाँदा ब्वाङ्डै
गोबरमा लडायो।

पुरै साठीओटा हजारमा
भित्र्याएको यसलाई खनखनी
दायाँ बायाँ कताबाट दुहुने
घुम्नुपर्छ फनफनी।
घाँस हाल्यो सबै खान्छ पगाहा
लगायो भरदिन चर्छ
दुहुन गयो एक्सन लिन्छ रेस्लिङ
खेलाडीजस्तो गर्छ।

बिहानभर लाएर गोबर सोरिन्छ
मलखाडीमा पहाड भइसक्यो
कृषि क्रान्तिको अभियानमै
ज्यानको बोसो आधा
गइसक्यो।
स्वरोजगार बन्ने कसरी ? कृषि
क्रान्ति भन्ने कसरी ?
खेतीबारी खन्ने कसरी ? दूधको
नगद गन्ने कसरी ?

अगाडि नदेख्दा ड्वाँ गर्छ
अगाडि देख्दा फ्वाँ गर्छ
बाच्छो भेट्दा ट्वाँ पर्छ मलाई
भेट्दा स्वाँ गर्छ।
भित्र-भित्र दङ्ग पर्छु कृषि क्रान्ति
भो सुरु जस्तो
बेच्नेले पनि के बेच्यो यस्तो
कुङ्फुको गुरु जस्तो !

ओभरडोज खान्छ टन्न बिष्ट्
याउँछ छेरेजस्तो
बाल्टीभित्र दूध ठ्याक्कै इनारमा
पानी हेरेजस्तो।
कहिले रेस्लिङ, कहिले कुङ्फु,
कहिले यु एफ सी चलाउँछ
चारखुट्टेले दुईखुट्टेलाई भ्यात्त
गोबरमा ढलाउँछ।

कति पोसेँ के-के पोसेँ जाबो
ढुङ्गो भरिँदैन
घरि-घरि झोक चल्छ कृषि
क्रान्ति गरिँदैन।
गरिखाऊँ कि यत्रो परिश्रम नास
पारूँ हजुर ?
दुई कुरुवालाई चार कि पाँच
पारूँ हजुर ?

कविता

# भानुभक्त



✍ सचिन्द्र श्रेष्ठ

ज्ञान, विद्या र नैतिकताको
उज्यालो बनेर
हार, पश्चात्ताप र कमजोरीमाथि
धैर्य, ममता र विश्वासको सेतु
बाँध्दै
अहम्, साहस र भरोसाको दीप
बालेर
सारा जगत्लाई कृतज्ञ बनायौ
तिमी।

प्रेरणा बनेर
हरेकको श्वास-प्रश्वासमा बस्यौ
कमजोरीका क्षणहरूमा पनि
आत्मबल र अदम्य साहस बनेर
उभियौ।

छरिएका शब्दहरूलाई
एउटै मालामा उनेर
मनको ढोका र ज्ञानका
बाटाहरू
पारदर्शी बनाउने अमूल्य
योगदान दियौ।

इतिहास आज पनि
बोलिरहेको छ
तिम्रो अविस्मरणीय यथार्थ।
रामायण अझै गुन्जिरहेछ

आराधना, मठ र मन्दिरहरूमा।
तिम्रै सम्झनामा
सलामीका झन्डाहरू
फहराइरहेका छन्
अनुसरण र कृतज्ञताको भाव
बोकेर
मनका बाजाहरू बजिरहेका
छन्।

अञ्जलीभरि सप्तरङ्गी फूल
लिएर
तिम्रा चरणमा श्रद्धा अर्पण
गरिन्छ।
सम्झना र सम्मानमा
छाती फराकिलो पारेर
लामो श्वाससँग गर्व गरिरहेका
छन्
घाँसी कुवा र अनगिन्ती
स्मृतिका पानाहरू।

तिम्रो नाम अमर रहोस् भन्दै
सधैँ गीत गुन्जिरहून्
मनको एउटै शब्दमा...

कविता

# गोल



✍ दिलीप श्रेष्ठ

जति पटक लडे पनि
उठ्दै दौडँदै गर्नुको त्यो लक्ष्य
केवल एउटै रहेछ "गोल"
जसको लागि
फुटबलको मैदानमा होस्
या जिन्दगीको मैदानमा
विजयको गोल गर्ने मौका
खोज्दै
मान्छेका स्वचालित खुट्टाहरू
मनभन्दा छिटो दौडिरहेका हुने
रहेछन्।

तर दौडँदा दौडँदै पनि
जितका सबै "गोल" र खुसी
आफ्नो बनाउनु कहाँ सम्भव
रहेछ र !
पराजयको पीडा पनि
जिन्दगीमा सँगसँगै दौडिरहेकै
हुने रहेछ
जुन दौडको हरेक सङ्घर्षले दिने
हार-जितको "गोल" नै अन्तत
जिन्दगीको शाश्वत स्वीकारोक्ति
हुने रहेछ।

## कर्णाली...

सुरु हुनु स्थानीयका लागि सपना पूरा भएसरह भएको बताए। स्थानीय युवा धनबहादुर रावतले पातारासीको समृद्धिको आधार बन्ने यस योजनामा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे। समुद्री सतहदेखि २ हजार ८ सय ५० मिटर उचाइमा निर्माण हुन लागेको यो केन्द्र विश्वकै सातौँ हाईअल्टिच्युड ट्रेनिङ सेन्टर हुने दाबी गरिएको छ।

परियोजनाका लागि पातारासी गाउँपालिका-३ लोठचौरका लाउरो बोहोरा, गोरबहादुर बोहोरा र कुम्भ बोहोराले संयुक्त रूपमा ६ हजार १ सय २० वर्गमिटर जग्गा निःशुल्क उपलब्ध गराएका छन्। जुम्लाको पातारासी गाउँपालिका-३ लोठचौरमा बहुप्रतीक्षित उच्च पर्वतीय खेलकुद प्रशिक्षण केन्द्र निर्माणको औपचारिक सुरुआतसँगै कर्णालीमा अन्तर्राष्ट्रिय स्तरको खेल पूर्वाधार विकासको नयाँ अध्याय सुरु भएको स्थानीयको विश्वास छ।

## १२ अर्ब...

आर्थिक मामिला तथा योजना मन्त्रालय २० करोड १३ लाख ४५ हजार बजेट थियो। यो मन्त्रालयले १४ करोड ९१ लाख ५९ हजार ९०४ रुपैयाँ खर्चेको छ। त्यस्तै, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले एक अर्ब ५६ करोड ५३ लाख खर्चेको छ।

यस मन्त्रालयमा कार्यान्वयन हुनेगरी दुई अर्ब ४२ करोड ७९ लाख ९८ हजार बजेट थियो। तीन अर्ब ८३ करोड तीन लाख ५८ हजार बजेट रहेको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले दुई अर्ब ९१ करोड १७ लाख ९८ हजार खर्च गरेको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा दुई अर्ब ५७ करोड ११ लाख बजेट रहेकोमा एक अर्ब ४६ करोड ७८ लाख ७५ हजार २५९ रुपैयाँ खर्च भएको छ।

त्यस्तै, सात करोड नौ लाख एक हजार ४४२ रुपैयाँ बजेट रहेको आन्तरिक मामिला तथा कानून मन्त्रालयलले ६ करोड ६४ लाख १४ हजार २४२ रुपैयाँ खर्च गरेको छ। चालु आर्थिक वर्षमा पाँच अर्ब ९७ करोड २६ लाख ८९ हजार बजेट रहेको सामाजिक विकास मन्त्रालयले चार अर्ब ३२ करोड ९५ लाख १० हजार १०७ रुपैयाँ बराबरको बजेट खर्चेको छ।


## सुचिकृत हुने सम्बन्धी सूचना/कोटेशन आह्वान

**प्रथम पटक प्रकाशित मिति : २०८३ असार २६ गते**

सुन्दर नेपाल संस्था सामुदायिक विकास क्रियाशिल एक मुनाफा रहित गैर सरकारी संस्था हो। यस संस्थालाई आ.व. २०८३/०८४ एक वर्षको लागि आवश्यक पर्ने कार्यालय सम्वन्धि दैनिक प्रयोजनका सामान तथा सेवाहरु उपलब्ध गराउनुपर्ने भएकोले ईच्छुक आपूर्ति कर्ताहरुबाट सुचिकृत हुन आवेदन आव्हान गरिन्छ।

**तपशिल :**

- स्टेशनरी तथा सामान आपूर्ति
- सवारी साधन भाडामा, सामाग्री ढुवानी सेवा,
- छपाई समन्धी प्रेस सेवा
- कम्प्युटर, प्रिन्ट र फोटोकपि मर्मत
- फेल्क्स प्रिन्ट होडिङ बोर्ड, सूचना पाटि लेखाई तयारी तथा छपाई
- होटेल सेवा
- कृषि उपकरण तथा विउ विजन आपुर्ति
- सवारी साधन मर्मत तथा सम्भार सेवा
- लेखापरिक्षण सेवा
- परामर्स सेवा
- पत्रपत्रिका तथा रेडियोमा बिज्ञापन तथा कार्यक्रम
- भाडाकुडा तथा पलास्टिक सामाग्री, हार्डवेयर
- खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सामाग्रीहरु

ईच्छुक आवेदनकर्ता बाट आवेदन फर्मका साथै फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र, भ्याट वा प्यान प्रमाण पत्र ग्राहकको नाम र छाप सहित निम्न ठेगाना वा email quotation@sundarnepal.org.np मा २०८२ असार ३१ गते भित्र सुचिकृत हुन आवेदन आव्हान गरिन्छ। आवेदन फर्म पढाउँदा खामको वाहिर सम्बन्धित सेवा उल्लेख गरी लाहा छाप लगाई खामवन्दी गरी पेश गर्नुहुन अनुरोध छ। यसका लागि आवश्वक कोटेशन फर्म सुन्दर नेपाल संस्थाको website www.sundarnepal.org.np बाट download वा Sundar Nepal Sanstha को कार्यालयबाट प्राप्त हुने छ। यस विषयमा थप जानकारी लिनुपर्ने भएमा टेलिफोन नं. ०८३-५२०९२६, ५२३५३० सर्पक गर्नुहोला।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# गर्भवतीलाई पोषणयुक्त खाद्य

**युग संवाददाता**
**कालीकोट, २६ असार ।**

जिल्लाको महावै गाउँपालिकामा गर्भवतीलाई पोषणयुक्त खाद्य सामाग्री वितरण गरेएको छ । गाउँपालिकाले १२५ जना सुनौला हजार दिनका आमाहरूलाई पोषणयुक्त खाद्य सामाग्री वितरण कार्यक्रममा गरिएको हो ।

सुत्केरी भएका आमाहरूले राम्रो खानेकुरा खान नपाएका कारण शिशुलाई कुपोषण हुने तथा आमा र शिशु दुवैको स्वास्थ्यमा समस्या आउने भएकाले पोषणयुक्त खाद्यान्न वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

सुनौला हजार दिनका आमाहरूलाई अण्डा, चना, तेल, पोषिलो पिठो, नुन, साबुनलगायतका सामग्री दिइएको गाउँपालिका अध्यक्ष खेमबहादुर सिंहले बताए । "गर्भावस्थादेखि बच्चा दुई वर्षको नहुँदासम्मको अवधिलाई सुनौला हजार दिनका समयमा आमा र बच्चाको पोषणयुक्त वृद्धि र विकासका लागि पोषणयुक्त खानाको आवश्यकता पर्छ", उनले भने, "पालिकाले बच्चाको शारीरिक तथा मानसिक विकासमा गर्भावस्था र सुरुका दुई वर्षमा हुने भएकाले कुपोषण हुन नदिनका लागि पोषणयुक्त खाद्यान्न वितरण गरिएको हो ।"

एक जना सुनौलो हजार दिनका आमालाई रु तीन हजार बराबरको पोषणयुक्त खाद्य सामग्री वितरण गरिएको जानकारी दिए । "सुत्केरी भएका हजार दिनका आमालाई पोषणयुक्त कोसेली वितरण गर्न थालेका छौं । कोसेलीले आमा र बच्चाको स्वास्थ्य राम्रो हुनेछ", उनले भने, "सुनौलो हजार दिनमा आमा र बच्चाको स्वास्थ्यमा टेवा पुर्‍याउने गरी योजना निर्माण गरेर गाउँपालिकाले विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आइरहेको छ ।"

# साना तथा मझौला उद्यम सहायता कक्ष उद्घाटन

**युग संवाददाता**
**सुर्खेत, २६ असार ।**

साना तथा मझौला उद्यम सहायता कक्ष (एसएमई सहायता कक्ष) तथा एकल सेवा केन्द्रको शुक्रबार एक कार्यक्रमवीच उद्घाटन गरिएको छ । सुर्खेत उद्योग वाणिज्य संघ र वीरेन्द्रनगर नगरपालिकाको लागत साझेदारीमा उद्घाटन गरिएको हो ।

सहायता कक्षमार्फत उद्यमी तथा व्यवसायीहरूलाई उद्योग तथा व्यवसाय दर्ता प्रक्रियामा सहजीकरण, अनलाइनमार्फत आवेदन भर्ने सेवा, स्थानीय, प्रदेश तथा संघीय सरकारले लिने कर सम्बन्धी परामर्श, व्यवसायिक साक्षरता अभिवृद्धि, उद्यमशीलता प्रवर्द्धन तथा तीव्र विकास कार्यक्रम सञ्चालन तथा नवीन व्यावसायिक अवधारणाहरूलाई व्यवसायमा रूपान्तरण गर्न आवश्यक मार्गदर्शन तथा संरक्षण (इन्क्युबेसन) गरिने जानकारी दिइएको छ ।

एकल सेवा केन्द्रमार्फत स्थायी लेखा नम्बर (प्यान) दर्ता सहजीकरण, कर विवरण तथा लेखापरीक्षण सम्बन्धी सेवा, निःशुल्क कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न सहजीकरण, बैंक तथा वित्तीय संस्था र विभिन्न अनुदानदाता निकायका लागि आर्थिक तथा परियोजना प्रस्ताव तयार गर्ने सेवा, साथै भारत लगायत तेस्रो मुलुकमा स्थानीय रूपमा उत्पादित वस्तु निर्यातका लागि आवश्यक उत्पत्तिको प्रमाणपत्र प्राप्त गर्न सहजीकरण लगायतका सम्पूर्ण सेवा एकै स्थानबाट निःशुल्क उपलब्ध गराइने भएको छ ।

उत्पादकत्व अभिवृद्धिका लागि कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग सम्बन्धी तालिममा सहभागीहरूले कृत्रिम बुद्धिमत्ताको प्रयोग गरी तयार गरेका भिडियोहरू प्रदर्शन गरिएको थियो । साथै, नवस्थापित साना तथा मझौला उद्यम सहायता कक्ष तथा एकल सेवा केन्द्रमार्फत प्रदान गरिने सेवा, उद्देश्य तथा आगामी गतिविधिबारे विस्तृत जानकारी गराइएको थियो ।

सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष हर्षविक्रम खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरेन्द्रनगर नगरपालिकाका नगर प्रमुख मोहनमाया ढकाल (भण्डारी) बाट सेवा केन्द्रको औपचारिक उद्घाटन गरिएको हो ।

नगर प्रमुख ढकाल (भण्डारी) ले निजी क्षेत्रबाट सञ्चालन गरिएको यस्तो पहल अत्यन्त प्रशंसनीय रहेको बताउँदै यस्ता कार्यक्रमहरूले व्यवसायीहरूलाई एउटै स्थानबाट सहज रूपमा सेवा प्राप्त हुने विश्वास व्यक्त गरिन । उनले उद्योग वाणिज्य संघले व्यवसायीहरूको हितका लागि अझ प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा व्यक्त गर्दै यस अभियानलाई निरन्तरता दिन वीरेन्द्रनगर नगरपालिकाले आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाइन ।

कार्यक्रमको समापन गर्दै आयोजकले साना तथा मझौला उद्यम सहायता कक्ष तथा एकल सेवा केन्द्रमार्फत उद्यमी तथा व्यवसायीहरूलाई आवश्यक सरकारी तथा गैरसरकारी सेवा, व्यवसाय विकास परामर्श, दर्ता तथा कर सम्बन्धी सहजीकरण, परियोजना निर्माण, निर्यात सहजीकरण लगायतका सेवा एकै स्थानबाट निःशुल्क उपलब्ध गराई स्थानीय उद्यमशीलता, रोजगारी सिर्जना तथा आर्थिक विकासलाई थप सुदृढ बनाइने विश्वास व्यक्त गरेको छ ।

# कर्णाली नदीमा बेपत्तामध्ये थप दुई जनाको शव फेला

**युग संवाददाता**
**दैलेख, २६ असार ।**



कर्णाली राजमार्गअन्तर्गत दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७, साङ्गेतारामा कर्णाली नदीमा बेपत्ता भएकामध्ये थप दुई जनाको शव बिहीबार साँझ फेला परेको छ । यो सँगै दुर्घटनामा मृत्यु भई सनाखत हुनेको सङ्ख्या तीन पुगेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकका अनुसार आफन्तले घटनास्थलमा पुगेर शव बुझिसकेका छन् । पहिचान खुल्नेमा यसअघि भिरमा शव फेला परेका कालिकोट पचाल झरना गाउँपालिका-९ का जेखे तिरुवा, सोही ठाउँका बेपत्ता भनिएका मेखे तिरुवा र कालिकोटकै रास्कोट नगरपालिका-२ की १८ वर्षीया सुजना खड्का रहेका छन् । उनीहरूको ठेगाना र विवरण पहिचान भई आफन्तद्वारा सनाखत भइसकेको प्रहरी प्रमुख विकले जानकारी दिए ।

सवारी चालक सुर्खेत पञ्चपुरी नगरपालिका-८ का तुलाराम सुवेदी र उहाँका सहोदर भाइ (सहचालक) रामु सुवेदीसहित अन्य यात्रुको अवस्था भने अझै अज्ञात छ । बेपत्ता दुवै दाजु भाइका काका दिल्ली सुवेदीका अनुसार घरका मुख्य साहारा नै नदीमा डुबेकाले परिवार, आफन्त र छरछिमेक यति बेला गहिरो शोकमा छन् ।

सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको क.प्र. ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी सडकबाट करिब ४०० मिटर तल कर्णाली नदीमा गत बिहीबार खसेको थियो । सशस्त्र प्रहरी बलको गोताखोर टोलीसहितको संयुक्त सुरक्षा निकायले नदी र आसपासका क्षेत्रमा बाँकी बेपत्ताको खोजी अझै जारी राखेको छ ।

# रैथाने कुखुरा पालनबाट कोहलपुरकी सरिताको मासिक तीन लाख आम्दानी

**सरला सुवेदी**
**बाँके, २६ असार ।**

वैदेशिक रोजगारीप्रति युवाको आकर्षण बढिरहेका बेला बाँकेको कोहलपुर नगरपालिका-२ की ३९ वर्षीया सरिता थापाले भने स्वदेशमै कृषि उद्यमबाट सफलताको उदाहरण बनेकि छन् ।

उच्च शिक्षा हाँसिल गरेपछि जागिरको खोजीमा लाग्ने परम्परागत सोचभन्दा फरक बाटो रोज्दै उनले रैथाने कुखुरा पालनलाई व्यवसाय बनाएकी हुन । आज त्यही निर्णयले उनलाई आर्थिक रूपमा आत्मनिर्भर मात्र बनाएको छैन, अरूका लागि पनि प्रेरणाको स्रोत बनाएको छ ।

सरिता थापाको पारिवारिक पृष्ठभूमि नै कृषिसँग जोडिएको हो । उनका ससुरा र श्रीमान् दुवैले कृषि विषयमा उच्च शिक्षा हाँसिल गरेका छन् । अध्ययन पूरा गरेपछि धेरैले सरकारी जागिर वा वैदेशिक रोजगारी रोज्ने चलन भए पनि थापा परिवारले भने स्वदेशमै कृषि क्षेत्रमा लगानी गर्दै उत्पादनसँग जोडिने निर्णय गर्‍यो । यही सोच र परिवारको साथले व्यवस्थापन विषयमा स्नातकोत्तर अध्ययन गरेकी सरितालाई कृषि उद्यमतर्फ आकर्षित गर्‍यो ।

उनले साढे १३ कट्ठा क्षेत्रफलमा रैथाने जातका कुखुरापालन सुरु गरिन । करिब आठ लाख रुपैयाँ लगानीमा २०० चल्लाबाट सुरु भएको फार्म अहिले विस्तार हुँदै करिब डेढ करोड रुपैयाँ लगानीको आधुनिक कृषि उद्यममा परिणत भएको छ ।

सरिताका अनुसार रैथाने कुखुरामा रोग प्रतिरोधात्मक क्षमता अन्य जातको तुलनामा बढी हुने भएकाले उत्पादनमा जोखिम कम हुन्छ । प्राकृतिक वातावरणमा हुर्काइने भएकाले मासुको स्वाद र गुणस्तर राम्रो हुने हुँदा बजारमा यसको माग पनि निरन्तर बढिरहेको छ ।

फार्मको सबै काम परिवारकै सदस्यले मिलेर गर्ने भएकाले व्यवस्थापन प्रभावकारी बनेको छ । दाना व्यवस्थापनदेखि बजारसम्मको सम्पूर्ण काममा परिवारको सक्रिय सहभागिता रहेको उनी बताउँछिन् । यही मेहनतको परिणामस्वरूप अहिले फार्मबाट मासिक करिब तीन लाख रुपैयाँ मुनाफा भइरहेको छ ।

सरिताका श्रीमान् हेमन्त थापाका अनुसार फार्ममा उत्पादन हुने रैथाने कुखुराको माग बाँके जिल्लामात्र सीमित छैन । लुम्बिनी र कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट समेत नियमित माग आउने गरेको छ । उत्पादन बढाउँदै लगे पनि बजारको माग पूर्ण रूपमा धान्न अझै चुनौती रहेको उनको भनाई छ ।

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत



हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**

**रारा प्रिन्टीङ्ग प्रा.लि.**

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing | Packaging Box Printing | Wedding Card Printing | Stamp | Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।